# तथ्य पत्रः उर्जा कम्पनी बन्द भएपछि के हुन्छ?

उर्जा बजारमा आउने परिवर्तनहरू, जस्तै उच्च बिजुली वा ग्यासको मूल्य, ले गर्दा कहिलेकाँही उर्जा कम्पनीको व्यवसाय बन्द हुन जान सक्छ ।

उर्जा कम्पनी भनेको त्यस्तो व्यवसाय हो जसले तपाईंलाई तपाईंको बिजुली वा ग्याँस बिल पठाउँदछ ।

## यदि तपाईंको बिजुली वा ग्याँस आपूर्ति गर्ने ऊर्जा कम्पनीको व्यवसाय बन्द भयो भने के हुन्छ?

यदि तपाईंको उर्जा कम्पनी बन्द भएको छ भने, तपाईंले आफ्नो बिजुली वा ग्याँस काटिने बारेमा चिन्ता लिनु पर्दैन । तपाईंको खाता स्वतः नयाँ ऊर्जा कम्पनीमा सारिन्छ। नयाँ कम्पनीले तपाईंको उर्जालाई निरन्तरता दिनेछ ।

यदि तपाईंलाई तपाईंको नयाँ उर्जा कम्पनी को हो भनेर पत्ता लगाउन र तपाईंको भाषामा कसैसँग कुरा गर्न मद्दत चाहिन्छ भने, अनुवाद र दोभाषे सेवालाई 131 450 मा फोन गर्नुहोस् र उनीहरूलाई अष्ट्रेलियन उर्जा नियामकलाई 1300 585 165 मा फोन गर्न भन्नुहोस् ।

## मेरो नयाँ उर्जा कम्पनीले कति महसुल लिनेछ?

जब तपाईंको बिजुली वा ग्याँस नयाँ उर्जा कम्पनीमा सारिन्छ, तपाईंलाई नयाँ उर्जा योजनामा राखिनेछ। तपाईंको उर्जा योजनाले तपाईंको बिजुली वा ग्याँसको लागि कति तिर्ने भनेर निर्धारण गर्दछ।

यस योजनामा तपाईंले तिर्नु पर्ने  महसुल  तपाईंको पुरानो उर्जा कम्पनीले तपाईंलाई लगाउने महसुल भन्दा बढी हुन सक्छ। तपाईंको नयाँ ऊर्जा कम्पनीलाई कल गर्नुहोस् र उनीहरूलाई सोध्नुहोस् कि के त्यहाँ सस्तो ऊर्जा योजना छ।

## के म अर्को उर्जा कम्पनीमा सर्न सक्छु?

तपाईंलाई स्वत सारिएको नयाँ उर्जा कम्पनीमा रहिरहनुपर्दैन । तपाईं आफ्नो नयाँ उर्जा कम्पनीबाट कुनै पनि समयमा अर्को उर्जा कम्पनीमा सर्न सक्नुहुन्छ ।

तपाईंको क्षेत्रका सबै ऊर्जा कम्पनीहरूको उपलब्ध योजनाहरू तुलना गर्न हाम्रो ऊर्जा मूल्य तुलना वेबसाइट Energy Made Easy हेर्नुहोस्।

## यदि मेरो जीवन समर्थन गर्ने उपकरणहरूको लागि विशेष आवश्यकताहरू छन् भने के हुन्छ?

तपाईंले तुरुन्तै आफ्नो नयाँ ऊर्जा कम्पनीलाई सम्पर्क गर्नुपर्दछ र उनीहरूलाई भन्नुहोस् कि तपाईंका जीवन समर्थन उपकरणहरू छन्, जस्तै अक्सिजन कन्सन्ट्रेटरहरू, डायलिसिस मेशिनहरू, भेन्टिलेटरहरू र जीवन समर्थनको लागि आवश्यक अन्य उपकरणहरू ।

तपाईंले आफ्नो डाक्टरबाट मेडिकल सर्टिफिकेट पनि प्राप्त गर्नुपर्नेछ जस्ले तपाईंलाई जीवन समर्थन उपकरण चाहिन्छ भनेर पुष्टि गर्नेछ। तपाईंले आफ्नो नयाँ ऊर्जा कम्पनीलाई यो प्रमाणपत्र प्रदान गर्नुपर्नेछ । त्यसपछि

तपाईंको नयाँ उर्जा कम्पनीले तपाईंलाई तपाईंको घरमा जीवन समर्थन उपकरणको भएको उपभोग्ताको रूपमा दर्ता गर्नुपर्नेछ ।

## के मैले मेरो नयाँ उर्जा कम्पनीलाई सम्पर्क गर्न आवश्यकछ,वा उनीहरूले मलाई सम्पर्क गर्नेछन्?

तपाईंको नयाँ उर्जा कम्पनीले तपाईंलाई सामान्यतया पत्र मार्फत लगभग पाँच हप्ता भित्र सम्पर्क गर्नुपर्नेछ।

तपाईं आफ्नो नयाँ ऊर्जा कम्पनीलाई सम्पर्क गर्न आवश्यक छैन, तर निम्न कुराहकरूका लागि  तिनीहरूलाई सम्पर्क गर्न सक्नु हुन्छः

- तपाईंको पुरानो उर्जा कम्पनीबाट उर्जा बिलहरू भुक्तानी गर्न समस्या भएको थियो र तपाईंको बिल भुक्तानी विकल्पहरूको बारेमा थप जान्न चाहनुहुन्छ
- तपाईं जान्न चाहानुहुन्छ कि तपाईं उत्तम ऊर्जा योजनामा हुनुहुन्छ को भनेर।

## म मेरो पुरानो ऊर्जा कम्पनीलाई पैसा तिर्न बाकी छ । मैले के गर्नुपर्छ?

तपाईंले अझै पनि आफ्नो पुरानो उर्जा कम्पनीलाई तिर्नुपर्ने कुनै पनि पैसा तिर्नु पर्छ । तपाईंको पुरानो उर्जा कम्पनीलाई सम्पर्क गर्नुहोस् यदि तपाईंसँग तपाईंले तिर्नुपर्ने रकम तिर्ने बिभिन्न तरिकाहरूको बारेमा कुनै प्रश्नहरू छन् भने ।